सूचना वर्गीकरण समितिको सचिवालय,
सिंहदरबार।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) सँग सम्बन्धित सूचनाको संरक्षणका लागि वर्गीकरण गरिएका सूचनाको विवरण

क. नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था र अन्तर्राष्ट्रिय सम्बन्धसँग सम्बन्धित सूचना

क्र. सं.	सूचनाको विवरण	सूचना प्रवाह नगर्नु पर्ने कारण	ऐनको दफा ३ को उपदफा (३) सँग सम्बन्धित खण्ड	सूचना गोप्य रहने अवधि	कैफियत
१.	द्विपक्षीय वार्ता एवं संवेदनशील मुद्दाहरू (Sensitive Issues of Conflicting Interests) मा नेपाल सरकारको धारणा/अडान (position), रणनीति र छलफलका अभिलेख र विचाराधिन विषय	द्विपक्षीय सम्बन्धमा असर पर्न सक्ने भएकोले	(क)	३० वर्ष	
२.	बहुपक्षीय निकायका पदाधिकारीसँगको बैठकमा छलफल भएको विषय र अभिलेख	सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा असर पर्न सक्ने भएकोले	(क)	३० वर्ष	
३.	नेपाली राजदूतावास वा नियोगबाट प्रेषित गोप्य प्रतिवेदनहरू, वार्ताका अभिलेख तथा अन्य कूटनीतिक रूपले संवेदनशील पत्राचार	नेपालको राष्ट्रिय हित र द्विपक्षीय सम्बन्धमा असर पर्न सक्ने भएकोले	(क)	३० वर्ष	
४.	सुरक्षा, सामरिक र प्रतिरक्षा सम्बन्धी हात-हतियार, गोलीगट्ठा, विस्फोटक पदार्थ, सैनिक हवाई परिवहनका साधन, स्पेयरपार्टस तथा बन्दोबस्तीका सामानको उत्पादन, प्राप्ति/खरिद, ओसारपसार,	राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्तिमा असर पर्न सक्ने भएकोले	(क)	३० वर्ष	

	सुरक्षण, भण्डारण, प्रयोग तथा व्यवस्थापन र सैनिक प्रकृतिका उडान सम्बन्धी विषय				
५.	सुरक्षा सम्बन्धी तालीम, सैनिक परिचालन, युद्धकला, अभ्यास, वन्दोबस्ती र सोसँग सम्बन्धित मेनुयल तथा अनुसन्धान सम्बन्धी विषय	राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्तिमा असर पर्न सक्ने भएकोले	(क)	३० वर्ष	
६.	सार्वजनिक हित तथा सुरक्षाको दृष्टिले महत्वपूर्ण सरकारी एवं सरकारी स्वामित्वमा रहेका संरचनाको डिजाइन र परियोजना संचालन प्रविधिसँग सम्बन्धित विषय	महत्वपूर्ण भौतिक संरचना सुरक्षित राख्नुपर्ने भएकोले	(क) र (ङ)	३० वर्ष	
७.	राष्ट्रिय सुरक्षा र राष्ट्रिय संकट सम्बन्धी कुनै विषयको छलफल संसदको गोप्य बैठकमा गरियोस् भनी प्रधानमन्त्रीले प्रस्ताव गरेमा त्यस्तो बैठक सम्बन्धी विषय	राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्तिमा असर पर्न सक्ने भएकोले	(क)	३० वर्ष	
८.	नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था एवं अन्तर्राष्ट्रिय सम्बन्ध तथा सामाजिक सद्भावमा खलल पर्न सक्ने विषय र सो सम्बन्धी जाँचबुझ, अनुसन्धान एवं अनुगमन प्रतिवेदन	राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था एवं अन्तर्राष्ट्रिय सम्बन्ध तथा सामाजिक सद्भावमा खलल पर्न सक्ने भएकोले	(क)	३० वर्ष	
९.	आधिकारिक रुपमा प्रमाणित हुन बाँकी रहेका सीमानाको स्ट्रिप नक्सा तथा अन्तर्राष्ट्रिय सीमा स्तम्भहरूको विवरण सम्बन्धी विषय	राष्ट्रिय सुरक्षा, अन्तर्राष्ट्रिय सम्बन्धमा असर पर्न सक्ने भएकोले	(क)	३० वर्ष	
१०.	उच्चपदस्थ पदाधिकारीबाट हुने भेटघाट तथा छलफल सम्बन्धी विषय	व्यक्तिगत गोपनीयता कायम पर्न र द्विपक्षीय सम्बन्धमा असर पर्न सक्ने भएकोले	(क) र (ङ)	२० वर्ष	

नेपाल सरकार
मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

११.	बहुपक्षीय निकायमा प्रस्तुत गरिने उम्मेदवारीका सम्बन्धमा मित्रराष्ट्रसँग भएका सहमति, सहकार्य वा मतदान सम्बन्धी निर्णय वा समझदारी (Reciprocal Support Arrangement) सँग सम्बन्धित विषय	अन्तर्राष्ट्रिय सम्बन्धमा खलल पर्न सक्ने भएकोले	(क)	२० वर्ष	
१२.	कारागारभित्र रहेका कैदी तथा कारागारको सुरक्षा सम्बन्धी विषय	कारागार एवं कैदीको सुरक्षा गर्न आवश्यक भएकोले	(क)	२० वर्ष	
१३.	सुरक्षा वा प्रतिरक्षा सम्बन्धी पत्रचार, विभिन्न तहका सुरक्षा सयन्त्रका बैठकका निर्णय तथा अभिलेखसँग सम्बन्धित विषय	सार्वजनिक शान्ति सुव्यवस्थामा गम्भीर खलल पर्न सक्ने भएकोले	(क) र (ङ)	२० वर्ष	
१४.	शान्ति मिसनहरुमा सुरक्षा निकायहरुले तैनाथी योजना, हात-हतियार, उपकरण तथा सवारी साधन सम्बन्धी विवरण	अन्तर्राष्ट्रिय सम्बन्धमा प्रतिकूल असर पर्न सक्ने तथा राष्ट्रिय सुरक्षाको दृष्टिकोणले संवेदनशील भएकोले	(क)	२० वर्ष	
१५.	राष्ट्रिय सुरक्षा रणनीति एवं प्रतिरक्षा सम्बन्धी नीति, रणनीति तथा कार्य योजना एवं सो सँग सम्बन्धित अभ्यासका विषयहरु	राष्ट्रिय सुरक्षाको दृष्टिकोणले संवेदनशील भएकोले	(क)	२० वर्ष	
१६.	सुरक्षा निकायले राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था लगायतका विषयहरुमा नेपाल सरकारका विभिन्न निकायहरुलाई दिएको परामर्श, राय सुझाव, सूचना तथा लिखत सम्बन्धी विषय	राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्थामा खलल पर्ने भएकोले	(क) र (ङ)	२० वर्ष	
१७.	सैनिक अधिकारीको भ्रमणमा हुने छलफलका विषय	अन्तर्राष्ट्रिय सम्बन्ध र सुरक्षामा प्रभाव पर्न सक्ने भएकोले	(क)	२० वर्ष	
१८.	अन्तर्राष्ट्रिय अपराध, आतंकवादी क्रियाकलापसँग सम्बन्धित विषय, पक्राउ पूर्जी जारी भएका अभियुक्त	अन्तर्राष्ट्रिय सम्बन्धमा खलल पर्न सक्ने, अन्तर्राष्ट्रिय अपराध नियन्त्रण	(क), (ख), (ग), (घ) र (ङ)	१० वर्ष	

	सम्बन्धी विवरण र सपुर्दगी तथा पारस्परिक कानूनी सहायतासँग सम्बन्धित विषय	प्रभावित हुन सक्ने, अनुसन्धानमा प्रतिकूल असर पर्न सक्ने, सामाजिक सदभावमा खलल पर्न सक्ने भएकोले			
१९.	सुरक्षा कारवाही तथा तालिमको सिलसिलामा घाइते, मृत्यु वा हराइरहेका सुरक्षाकर्मीको विवरण	सम्बन्धित व्यक्तिको गोपनियता, जीउ, ज्यान, सम्पत्ति वा सुरक्षामा खतरा पुग्न सक्ने भएकोले	(ङ)	१० वर्ष	
२०.	उच्चस्तरीय द्विपक्षीय वा वहुपक्षीय भ्रमणको आन्तरिक तयारी सम्बन्धी विषय	अन्तर्राष्ट्रिय सम्बन्ध र सुरक्षामा प्रभाव पर्न सक्ने भएकोले	(क)	भ्रमण सम्पन्न भई प्रेस विज्ञप्ति जारी नभएसम्म	
२१.	द्विपक्षीय रुपमा सार्वजनिक गर्ने भनी समझदारी भएका विषय	निर्णयसम्बन्धी प्रक्रियाहरू प्रभावित भई कार्यसम्पादनमा असहजता उत्पन्न हुने भएकोले	(क)	द्विपक्षीय समझदारीमा उल्लेख भए बमोजिम	
२२.	निर्णय प्रक्रियामा रहेका र अन्तिम निर्णय भइनसकेका विषय	निर्णयसम्बन्धी प्रक्रियाहरू प्रभावित भई कार्यसम्पादनमा असहजता उत्पन्न हुने भएकोले	(क)	अन्तिम निर्णय नभएसम्म	
२३.	संयुक्त राष्ट्रसंघले सदस्य राष्ट्रहरूका लागि मात्र भनी निषेध (Embargo) राखी प्रस्तुत गरेका छलफलका विषयसूची, दस्तावेज, प्रतिवेदन	संयुक्त राष्ट्रसंघको वडापत्रमा उल्लिखित प्रतिवद्धता परिपालन गर्नुपर्ने भएकोले	(क)	निषेध अवधिभर	
२४.	संयुक्त राष्ट्र संघ तथा अन्य अन्तर्राष्ट्रिय संघसंस्थामा अन्तर्राष्ट्रिय सन्धि सम्झौता अन्तर्गत नेपालले अन्य सदस्य राष्ट्रका विषयमा गरेको Peer Review सम्बन्धी प्रतिवेदन र त्यसमा व्यक्त गरेको अप्रकाशित धारणा	द्विपक्षीय तथा वहुपक्षीय प्रतिवद्धता पालना गर्नुपर्ने भएकोले	(क)	सम्वन्धित राष्ट्रको सहमति नभएसम्म	

२५.	संसद् र संसदीय समितिमा उठेका प्रश्नको सम्बन्धित मन्त्रालयको तर्फबाट प्रस्तुत गरिएका जवाफसँग सम्बन्धित विषय	सुरक्षा लगायतका संवेदनशील विषय समावेश हुने भएकोले	(क)	संसद वा संसदीय समितिको अनुमति नभएसम्म	
२६.	सुरक्षा निकायको प्रयोगमा रहेको सुरक्षा सम्बन्धी सामग्री, रेडियो, संचार, फ्रिक्वेसी, कोड की, कोड वर्ड र पासवर्ड तथा कार्य पद्धतिसम्बन्धी विषय	सुरक्षा संवेदनशीलता कायम गर्नुपर्ने भएकोले	(क)	प्रयोगमा रहुन्जेलसम्म	
२७.	विशिष्ट पदाधिकारी एवं व्यक्तिको भ्रमणसँग सम्बन्धित सुरक्षा योजना सम्बन्धी विषय	विशिष्ट पदाधिकारीको सुरक्षा प्रबन्ध गर्नुपर्ने भएकोले	(क)	भ्रमण सम्पन्न नभएसम्म	
२८.	राष्ट्रिय र अन्तर्राष्ट्रिय विवाद समाधानका सम्बन्धमा मध्यस्थता तथा मेलमिलापका माध्यमबाट समाधान गर्नुपर्ने विषयवस्तुसँग सम्बन्धित विषय	आर्थिक, तथा व्यापारिक हितको विषयमा विवाद समाधान प्रक्रियामा प्रतिकूल प्रभाव पर्न सक्ने भएकोले	(क) र (ग)	विवादको निरूपण नभएसम्म।	
२९.	विशिष्टीकृत कानूनद्वारा गोप्य राख्नुपर्ने भनी तोकिएका विषय	कानूनी व्यवस्था परिपालना गर्नुपर्ने भएकोले	(क), (ख), (ग),(घ) र (ङ)	विशिष्टीकृत कानूनमा भएको व्यवस्था बमोजिम हुने	

ख. अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनसँग सम्बन्धित सूचना

क्र.सं.	सूचनाको विवरण	सूचना प्रवाह नगर्नु पर्ने कारण	ऐनको दफा ३ को उपदफा (३) सँग सम्बन्धित खण्ड	सूचना गोप्य रहने अवधि	कैफियत
३०.	अपराधको अनुसन्धान, तहकिकात, छानविन, परीक्षण र अभियोजनसँग सम्बन्धित तथ्य र प्रमाण	छानविन तहकिकातमा असर पर्न सक्ने भएकोले	(ख)	२० वर्ष	

३१.	सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूरमा अनुसन्धानको क्रममा रहेको व्यक्तिको वैयक्तिक सूचना, पारिवारिक विवरण, लिखत, तथ्यांक, पत्राचार, सम्पत्ति सम्बन्धी विवरण र कसुरको अनुसन्धान गर्ने अधिकारी, भुक्तानी प्रणाली तथा सुराकी परिचालन सम्बन्धी विवरण	अनुसन्धान तथा अभियोजनमा असर पर्न सक्ने भएकोले	(ख)	२० वर्ष	
३२.	सार्वजनिक खरिद कानून बमोजिम कालोसूचीमा राख्ने र सोउपर पुनरावलोकन समितिबाट भएका निर्णय प्रक्रियासँग सम्बन्धित विषय	सम्बन्धित बोलपत्रदाताको व्यक्तिगत सूचनासँग सम्बन्धित भएकोले	(ख)	१५ वर्ष	
३३.	बोलपत्रदाताले बिद्युतीय खरिद प्रणाली (E-GP) मा दाखिला गरेका व्यापारिक प्रकृतिका विवरण वा कागजात	व्यक्तिगत तथा व्यापारिक गोपनीयता कायम राखुपर्ने भएकोले	(ख)	१० वर्ष	
३४.	राजस्व चुहावट, करछली, शंकास्पद कारोवार सम्बन्धी प्रतिवेदन र सोको अनुगमन सम्बन्धी विषय	अनुसन्धानमा प्रभाव पर्न सक्ने भएकोले	(ख)	१० वर्ष	
३५.	अनुसन्धान, निगरानी, सूचना संकलन गर्न वा अनुगमन गर्न खटाइएका व्यक्तिको परिचय सम्बन्धी विषय	व्यक्तिगत गोपनीयता कायम गर्न र व्यक्तिको जिउ ज्यानको सुरक्षा गर्नु पर्ने भएकोले	(ख)	१० वर्ष	
३६.	सशस्त्र द्वन्द्वका क्रममा मानवअधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरुद्धको अपराधसँग सम्बन्धित व्यक्ति, उजुरी, साक्षी, बयान, सर्जमिन, खानतलासी तथा बरामदी मुचुल्का, नामकोड, र	अनुसन्धान प्रक्रियामा रहेकोले सूचना प्रवाह गर्दा अनुसन्धान प्रभावित हुन सक्ने, अभिलेख सुरक्षामा चुनौती सिर्जना हुन सक्ने, प्रमाण नष्ट हुन सक्ने, पीडित	(ख)	१० वर्ष	

	नेपाल सरकार समक्ष क्षतिपूर्ति तथा परिपूरणका लागि सिफारिस भएका विषय सम्बन्धी विवरण	तथा आरोपित व्यक्तिको सुरक्षामा चुनौती हुने सक्ने भएकोले			
३७.	प्राकृतिक स्रोत र जैविक विविधता तथा संरक्षित वन्यजन्तुको अध्ययन, अनुसन्धान तथा गणना सम्बन्धी जिपिएस (GPS point) लोकेसन र वन्यजन्तुको अवत जावत तथा वासस्थान सम्बन्धी विवरण	चोरी शिकारीले सूचनाको दुरुपयोग गरी गलत उपयोग गरेमा संरक्षण कार्यमा चुनौती थपिन सक्ने भएकोले	(ख)	१० वर्ष	
३८.	वन र वन्यजन्तु अध्ययन, अनुसन्धान सम्बन्धी जीपीएस (GPS point) लोकेसन राखिएको संकेत वा चिन्हसँग सम्बन्धित	वन र वन्यजन्तु अध्ययन, अनुसन्धानमा प्रतिकूल असर पर्न सक्ने भएकोले	(ख)	१० वर्ष	
३९.	अख्तियार दुरुपयोगको अनुसन्धान र तहकिकातको सिलसिलामा प्राप्त जानकारी वा अभियोजनसँग सम्बन्धित विवरण	अनुसन्धान, तहकिकात र अभियोजनमा असर पर्न सक्ने भएकोले	(ख)	१० वर्ष	
४०.	मानव अधिकार उल्लङ्घनका घटनाको अनुगमन तथा अनुसन्धानसँग सम्बन्धित तथ्य र विवरण।	मानव अधिकार उल्लङ्घनको अनुसन्धान, तहकिकात तथा अभियोजनमा असर पर्न सक्ने भएकोले।	(ख)	१० वर्ष	
४१.	छानविन, जाँचबुझ, अध्ययन/अनुसन्धान वा तहकिकातका लागि गठित आयोग, समिति, कार्यदलका प्रतिवेदन	राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति र सु-व्यवस्था, जातजाति वा सम्प्रदायबीचको सम्बन्धमा खलल पर्न सक्ने भएकोले	(क), (ख), (ग), (घ) र (ङ)	त्यस्तो प्रतिवेदनमा समयावधि तोकिएको भए सोही अवधिसम्म र समयावधि नतोकिएको भए १० वर्ष	

४२.	निर्वाचन विवाद निरूपणका सम्वन्धमा प्राप्त सूचनाहरू, छानविन प्रतिवेदन र प्रमाण कागजातसँग सम्बन्धित विवरण	न्याय सम्पादनमा प्रभाव पर्न सक्ने तथा निर्वाचनको स्वच्छता, निष्पक्षता र विश्वसनीयतामा असर पर्न सक्ने भएकोले	(ख)	निर्वाचन विवाद निरूपण नभएसम्म	

ग. आर्थिक, व्यापारिक तथा मौद्रिकहित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैंङ्किङ वा व्यापारिक गोपनीयतासँग सम्बन्धित सूचना

क्र.सं.	सूचनाको विवरण	सूचना प्रवाह नगर्नु पर्ने कारण	ऐनको दफा ३ को उपदफा (३) सँग सम्वन्धित खण्ड	सूचना गोप्य रहने अवधि	कैफियत
४३.	Cadastral Layer Superimpose on land use zoning/ Land Use Zoning data	भौगोलिक अखण्डताको संरक्षण गर्नु पर्ने भएकोले	(क) र (ङ)	३० वर्ष	
४४.	सरकारी स्वामित्वमा रहेका व्यापारिक/व्यावसायिक सेवा प्रदान गर्ने निकायको सेवा विस्तार सम्बन्धी रणनीति तथा व्यावसायिक कार्ययोजना	व्यापारिक गोपनीयता कायम गर्नु पर्ने भएकोले	(ग)	२० वर्ष	
४५.	सार्वजनिक निकायसँग भएको लिज सम्झौता सम्बन्धी विषय	व्यापारिक तथा व्यक्तिगत गोपनीयता कायम गर्नु पर्ने भएकोले	(ग) र (ङ)	२० वर्ष	
४६.	सार्वजनिक निकायको प्रयोगमा रहेको सफ्टवेयर, Programming Language, Host, Source Code, C-Panel, CMS-Admin, Password र Mail-Admin सम्वन्धी र Network diagram तथा system architecture सम्वन्धी विवरण	विद्युतीय प्रणालीको सुरक्षा र निरन्तरताका कायम गर्नुपर्ने भएकोले	(ग) र (ङ)	२० वर्ष	
४७.	सूचना प्रविधि सुरक्षण सम्वन्धी सूचनाहरु(Password, Network, सूचना उपकरण	विद्युतीय प्रणालीको सुरक्षा र निरन्तरताका कायम गर्नुपर्ने भएकोले	(ग) र (ङ)	२० वर्ष	

	Configuration, IP Address, Server तथा Network Log र Credential, Network operation Center को प्रतिवेदन,Network diagram, System architecture र बिद्युतीय तथा साइवर प्रविधिगत प्रणाली (System Software) सम्बन्धी विवरण				
४८.	खानी तथा खनिजजन्य पदार्थको अन्वेषण, उत्खनन तथा उत्पादनसँग सम्वन्धित द्विपक्षीय सम्झौता पत्र र सो सँग सम्बन्धित विवरण (डाटा प्याकेज समेत)	व्यापारिक गोपनीयतामा असर पर्न सक्ने भएकोले	(ग)	सम्झौतामा उल्लेख भएको अवधि र नभएकोमा २० वर्ष	
४९.	व्यापार तथा पारवहन सम्बन्धी रणनीतिक विषय	नेपालको अन्तर्राष्ट्रिय व्यापार लगायत राष्ट्रिय हितमा प्रतिकूल असर पर्न सक्ने भएकोले	(ग)	१५ वर्ष	
५०.	सार्वजनिक निकायमा पेश भएको उद्योगको व्यावसायिक गतिविधि (स्किम) सम्बन्धी विवरण	व्यापारिक गोपनीयता कायम राख्नु पर्ने भएकोले	(ग)	१५ वर्ष	
५१.	मतपत्रको स्पेशिफिकेशन र सेक्युरिटी फिचर सहितको मतपत्रको ढाँचा सम्बन्धी विषय	मतपत्र संवेदनशील हुने हुँदा र मतपत्र सुरक्षित राख्नु पर्ने भएकोले	(ग)	१५ वर्ष	
५२.	राष्ट्रिय सूचना प्रणालीको सुरक्षा सम्बन्धी विषय	बिद्युतीय प्रणालीको सुरक्षा कायम गर्नुपर्ने भएकोले	(ग)	प्रणाली सञ्चालनमा नरहेको अवधि पछि १० वर्ष	
५३.	सुरक्षण मुद्रण उपकरणका विशेषता, स्पेसिफिकेसन,डिजाइन,गुणस्तर,डाटावेश,प्रतीक चिन्ह सञ्चालन कार्यविधि सम्बन्धी विषय	सुरक्षण मुद्रण सम्बन्धी कार्यमा गोप्यता कायम गर्नु पर्ने भएकोले	(ग)	सञ्चालनमा नरहेको अवधिभ पछि १० वर्ष	
५४	राहदानी सम्बन्धी सफ्टवेयर प्रणाली र सोको मुद्रण तथा उत्पादन केन्द्र सम्बन्धी विवरण	राहदानीको सुरक्षा सुनिश्चित गर्नु पर्ने भएकोले	(ग) र (ङ)	प्रणाली संचालनमा नरहेको अवधि पछि १० वर्ष	

५५.	विदेशी लगानीको लाभांस (Repartition) फिर्ता सम्बन्धी विवरण	व्यापारिक गोपनीयता कायम गर्नु पर्ने भएकाले	(ग)	५ वर्ष	
५६.	मूल्याङ्कन वा निर्णय प्रक्रियामा रहेका सिलबन्दी बोलपत्र र दरभाउ पत्र सम्बन्धी मूल्याङ्कनको विषय	व्यवसायिक गोपनीयता कायम गर्नु पर्ने भएकोले	(ग)	मूल्याङ्कन कार्य सम्पन्न भएको मितिले ५ वर्ष	
५७.	सार्वजनिक निकायको गुणस्तर परीक्षण (अडिट) प्रक्रियासँग सम्बन्धित विषय	व्यापारिक गोपनियतामा असर पर्ने सक्ने भएकोले	(ग) र (ङ)	परीक्षण सम्पन्न नभएसम्म	
५८.	सार्वजनिक निकायले छपाइका लागि तयार गरेको दस्तावेजको पाण्डुलिपी	अन्य निकायबाट मुद्रणका लागि प्राप्त सामग्री सार्वजनिक गर्नु नैतिकता विपरितको कार्य भएकाले	(ग) र (ङ)	मुद्रित सामग्री सार्वजनिक नभएसम्म	
५९.	नेपाल सरकार (मन्त्रिपरिषद्) समक्ष निर्णयका लागि पेश भएका विषय	निर्णय प्रक्रियामा असर पर्ने भएकोले.	(ग) र (ङ)	निर्णय सार्वजनिक नभएसम्म	
६०.	प्रारम्भिक वित्तीय विवरण (सबै तहका सरकारको)	प्रारम्भिक वित्तीय विवरण अपरिपक्व हुने भएकोले	(ग)	महालेखापरीक्षकको कार्यालय र अर्थ मन्त्रालय समक्ष पेस नगरुन्जेल	
६१.	आन्तरिक लेखापरीक्षण प्रतिवेदन	प्रतिवेदन माननीय अर्थ मन्त्री समक्ष पेश गर्नु पर्ने कानूनी व्यवस्था भएकोले	(ग)	माननीय अर्थ मन्त्री समक्ष पेस नगरुन्जेल	
६२.	विदेशी विनिमयको दर निर्धारण प्रक्रिया सम्बन्धी विषय	बैंकिङ तथा मौद्रिक गोपनीयतामा असर पर्न सक्ने भएकोले	(ग)	निर्णय सार्वजनिक नभएसम्म	
६३.	नेपाल सरकारको नीति तथा कार्यक्रम, राजस्वका दर, वार्षिक आय व्यय विवरण र बजेट सम्बन्धी विषय	आर्थिक तथा वित्तीय गोपनीयतामा असर पर्न सक्ने भएकोले	(ग)	विवरण संसद समक्ष पेश नभएसम्म	
६४.	राजस्व सम्बन्धी प्रशासकीय पुनरावलोकन तथा भंसार मूल्याङ्कन पुनरावलोकनसँग सम्बन्धित विषय।	पुनरावलोकन गर्ने व्यक्तिको गोपनीयता कायम गर्नु पर्ने भएकोले।	(ग)	सम्बन्धित व्यक्तिको मन्जुरी नभए सम्म	

६५.	नेपाल सरकार समक्ष पेश गरेको अन्य पक्ष बीचको सम्झौता (विद्युत खरिद, बिक्री, वित्तीय व्यवस्थापनसँग सम्बन्धित सम्झौता आदि) सँग सम्बन्धित विषय	आर्थिक तथा व्यापारिक गोपनीयता कायम गर्नु पर्ने भएकोले	(ग)	सम्बन्धित पक्षको मंजुरी नभएसम्म	
६६.	प्रमाणीकरणका लागि पेश भएका विधेयक सम्बन्धी विषय	व्यावसायिक गोपनीयता कायम राख्नु पर्ने भएकोले	(ग)	प्रमाणीकरण नहुँदासम्म	
६७.	बजेट सीमा (सिलिङ्ग), मध्यकालीन खर्च संरचना (MTEF), विशेष अनुदान र समपूरक अनुदान सँग सम्बन्धी विवरण	आर्थिक तथा मौद्रिक गोपनीयतामा असर पर्न सक्ने भएकोले	(ग)	सार्वजनिक नभएसम्म	
६८.	चलचित्र/डकुमेन्ट्रीहरूको जाँचपास (Video print/Footage) सम्बन्धी विवरण	व्यापारिक गोपनियतामा असर पर्न सक्ने भएकोले	(ग)	जाँचपास नहुन्जेलसम्म	
६९.	बौद्धिक सम्पत्ति सँग सम्बन्धित विषय	बौद्धिक सम्पत्तिको संरक्षण गर्नु पर्ने भएकोले	(ग)	व्यक्ति वा संस्थाको मञ्जुरी नभएसम्म	
७०.	प्रतिस्पर्धी कम्पनी आपूर्तिकर्ता वा एजेन्टसँग सम्बन्धित सूचनाहरू, उपकरण, यान्त्रिक तथा सफ्टवेयरसँग सम्बन्धित विषय	सम्बन्धित पक्षसँग भएका सम्झौताका शर्त बन्देजका कारण र बौद्धिक सम्पत्तिको संरक्षण गर्नुपर्ने भएकोले	(ग)	त्यस्तो उपकरण वा यान्त्रिक प्रणाली प्रयोगमा रहदासम्म	
७१.	द्विपक्षीय सम्झौता बमोजिमका आयोजना/ परियोजना सम्बन्धी अध्ययन प्रतिवेदनसँग सम्बन्धित विषय	आर्थिक एवं व्यापारिक हित संरक्षण गर्न आवश्यक भएकोले	(ग)	संचालन अनुमति प्रदान नभएसम्म	

७२.	गुणस्तर परीक्षणका लागि प्रयोग हुने नमुना कोड डिकोडको विवरण	आर्थिक व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा व्यापारिक गोपनियतामा कायम गर्नु पर्ने भएकोले	(ग) र (ङ)	प्रतिवेदन सार्वजनिक नहुँदा सम्म	

घ. विभिन्न जातजाति वा सम्प्रदायबीचको सु- सम्बन्धसँग सम्बन्धित सूचना

क्र.सं.	सूचनाको विवरण	सूचना प्रवाह नगर्नु पर्ने कारण	ऐनको दफा ३ को उपदफा (३) सँग सम्बन्धित खण्ड	सूचना गोप्य रहने अवधि	कैफियत
७३.	जातजाति, सम्प्रदायको सु सम्बन्ध र एकतामा खलल पुग्न सक्ने विषय	सामाजिक एकता, सहिष्णुता र सदभाव कायम राख्नु पर्ने भएकोले	(घ)	३० वर्ष	

ङ. व्यक्तिगत गोपनीयता र व्यक्तिको जीउ, ज्यान, सम्पति, स्वास्थ्य वा सुरक्षासँग सम्बन्धित सूचना

क्र.सं.	सूचनाको विवरण	सूचना प्रवाह नगर्नु पर्ने कारण	ऐनको दफा ३ को उपदफा (३) सँग सम्बन्धित खण्ड	सूचना गोप्य रहने अवधि	कैफियत
७४.	विशिष्ट एवं विशेष व्यक्ति, कूटनीतिक नियोग एवं पदाधिकारीको सुरक्षा सम्बन्धी विषय	व्यक्तिगत गोपनीयता र सुरक्षामा प्रभाव पर्न सक्ने भएकोले	(ङ)	१५ वर्ष	
७५.	सार्वजनिक निकायमा कार्यरत विदेशी कामदारको व्यक्तिगत विवरण	व्यक्तिको जीउ ज्यान, सम्पत्तिको सुरक्षामा असर पुग्नसक्ने भएकोले	(ङ)	१० वर्ष	
७६.	कानून तर्जुमाको प्रक्रियामा संकलित अभिलेखबद्ध जनधारणा र सुझाव	व्यक्तिगत गोपनीयता कायम राख्नुपर्ने भएकोले	(ङ)	५ वर्ष	

७७.	अन्य निकायबाट कार्यवाहीको लागि प्राप्त भएको विषयमा प्रदान गरिएको राय सम्बन्धी विषय	विषयको उठान भएको निकायबाटै अन्तिम निर्णय हुने भएकोले र बीचैमा सूचना दिँदा अपरिपक्व हुने भएकोले	(ङ)	५ वर्ष	
७८.	सार्वजनिक निकायको कामको सिलसिलामा राष्ट्रसेवक वा विशेषज्ञद्वारा व्यक्त राय सम्बन्धी विषय	वैयक्तिक गोपनीयता कायम राख्नुपर्ने भएकोले	(ङ)	५ वर्ष	
७९.	प्रश्नपत्रहरू (आई. क्यू. प्रश्न समावेश भएका प्रश्नपत्र बाहेक)	प्रश्नपत्रको गोपनीयता कायम राख्नु पर्ने भएकोले	(ग) र (ङ)	२ वर्ष	
८०.	परीक्षाको गुणस्तर, प्रयोगात्मक तथा सीप परीक्षणसँग सम्बन्धित प्रक्रियागत विवरण, प्रश्नपत्र निर्माण, परिमार्जन, उत्तरपुस्तिका संकेतीकरण र परीक्षण, लिखित नतिजाको यौंग्यता क्रमअनुसारको प्राप्ताङ्क विवरण, मूल्याङ्कन नतिजा प्रकाशन तथा प्राप्ताङ्क सम्बन्धी विवरण, अन्तर्वार्ताको प्राप्ताङ्क र सो सँग सम्बन्धित कोड, यस्तो कार्यमा संलग्न विषयविज्ञ वा दक्ष व्यक्ति सम्बन्धी विवरण	परीक्षाको निष्पक्षता, गोपनीयता तथा विश्वसनीयता साथै व्यक्तिगत गोपनीयता कायम गर्नु पर्ने भएकोले	(क) र (ङ)	अन्तिम नतिजा प्रकाशन भएको मितिले २ वर्ष सम्म	
८१.	पाठ्यक्रम तयारी तथा पाठ्यपुस्तक लेखनसँग सम्बद्ध विषयवस्तुको विवरण	पाठ्यपुस्तक तयारीमा बाधा पर्न सक्ने भएकोले	(ङ)	पाठ्यपुस्तक प्रकाशन नभएसम्म	
८२.	सार्वजनिक निकायमा रहेको व्यक्तिको वैयक्तिक विवरण	व्यक्तिगत गोपनीयता कायम गर्नुपर्ने भएकोले	(ङ)	व्यक्तिको मञ्जुरी नभएसम्म	
८३.	वैदेशिक रोजगारीको क्रममा विदेशमा मृत्यु भएका, घाइते भएका र रोजगारी गुमेकाहरूले क्षतिपूर्ति र सामाजिक सुरक्षा एवम् बीमा बापत पाउने रकम सम्बन्धी विवरण	व्यक्तिगत गोपनीयता कायम राख्नु पर्ने भएकोले	(ङ)	हकवालाको मञ्जुरी नभएसम्म	

८४.	राहदानी, यात्रा अनुमतिपत्र, मञ्जुरीनामा, भिसा, कागजात प्रमाणीकरण, अधिकृत वारिसनामा, गैर-आवासीय नेपाली परिचयपत्र जारी (गैर-आवासीय नेपालीलाई सम्पत्ति खरिद सिफारिस) आदिको विवरण	व्यक्तिको गोपनीयताको हकलाई संवैधानिक एवं कानूनी प्रत्याभूति भएकोले	(ङ)	हकवालाको मञ्जुरी नभएसम्म	
८५.	प्रचलित कानून बमोजिम नियुक्ति हुने सम्भाव्य उम्मेदवारको सूची	नियुक्ति सम्बन्धी प्रक्रियामा प्रभाव पर्नसक्ने भएकोले	(ङ)	नियुक्ति वा नियुक्तिको सिफारिस सम्बन्धी निर्णय नभएसम्म	
८६.	सार्वजनिक पदमा नियुक्त पदाधिकारीको सम्पत्ति विवरण	व्यक्तिगत गोपनीयताको हक सुरक्षित गर्नुपर्ने भएकोले	(ङ)	सम्बन्धित पदाधिकारीको मंजुरी नभएसम्म	
८७.	आयोजनाको अध्ययन प्रतिवेदन (प्रचलित कानून वा अन्यथा निर्णय भए बाहेक) सँग सम्बन्धी विषय	आर्थिक तथा व्यापारिक गोपनीयता कायम गर्नुपर्ने भएकोले	(ङ)	आयोजना निर्माण सम्पन्न नभएसम्म	